# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।१२।०५ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

श्री सुलीचौर नगर विकास समिति रोल्पाको अध्यक्ष पदमा मनोनयन हुनुभएका तत्कालीन अध्यक्ष प्रकाश घर्तीमगरको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको हुनाले छानबिन गरी पाउँ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज तत्कालीन अध्यक्ष प्रकाश घर्तीमगरले माध्यमिक शिक्षा परिषद्, क्षेत्रीय कार्यालय, बाराणसी, भारतबाट प्राप्त हाईस्कुल तहको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी सार्वजनिक पदमा बहाल रहि लाभ समेत लिएको देखिँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर गरेको देखिन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
सह-सचिव एवं प्रवक्ता